पोखरा उपत्यका साइडसिन घुम्न जाऊँ
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १५ गते शुक्रबार ❑ 28 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सङ्क्रमणकालीन न्यायसम्बन्धी कामलाई सफल बनाउन सरकार प्रयत्नशील छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १४ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका कामलाई सफल बनाउन सरकारका तर्फबाट आवश्यक सबै सहजीकरण हुने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

जवाफदेहीता निगरानी समिति र द्वन्द्वपीडित सङ्गठनद्वारा बिहीबार आयोजित सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका यसअघिका काम किन सफल भएनन् भन्ने समीक्षा गरी आगामी दिनका कामलाई सफल बनाउन जिम्मेवार पक्ष हामी सबै लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले पीडितलाई न्याय र परिपूरण दिन सरकार सक्रिय रहने विश्वास दिलाउँदै विगतमा भएको अनावश्यक र अनुचित हिंसालाई अब उप्रान्त यस्तो नहुने सुनिश्चित गर्दै शान्ति प्रक्रियालाई निष्कर्षमा लान सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई संसद्बाट सहमतिमा पारित गराइएको स्मरण गर्नुभयो।

संसद्बाट सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी कानुन बनेपछि ती आयोगका पदाधिकारी नियुक्तिका लागि यसअघि गठित सिफारिस समितिमा सहमति नभइ त्यस समितिको अवधि सकिएपछि सरकारले प्रमुख दलको परामर्शमा फेरि अर्को सिफारिस समिति गठन गरेको छ । "सबै नेपाली जनता द्वन्द्वका घाउलाई बिर्सन चाहन्छन् । हिंसाको बाटो हामीले छोडिसकेका छौँ । अब उप्रान्त त्यस्ता काम नहोउन्, पीडितलाई न्याय दिन सकौँ । अठार वर्षसम्म शान्ति प्रक्रियाले पूर्णता प्राप्त नगर्दा हामीलाई अन्तराष्ट्रियस्तरमा मुख देखाउन लाजलाग्ने स्थिति भएको छ, त्यसकारण अब हामी काम पूरा गर्न गम्भीर हुनुपर्छ । गम्भीर मानवअधिकारको उलङ्घन गर्नेलाई कारवाही हुन्छ ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "जनयुद्धलाई अहिले पनि उत्सव मनाउने वा सार्वजनिक बिदा दिएर मनाउन खोज्ने कुरा गरिरहन आवश्यक छैन । यस्ता कुराले पीडितलाई झन् पीडित बनाउन सक्छ।"

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहभागी कार्यक्रममा प्रधानमन्त्री ओलीले सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा लान अन्तरराष्ट्रिय समुदायको सहयोग र साथ प्राप्त भइरहनुपर्नेमा जोड दिँदै यस प्रक्रियालाई मौलिक तरिकाले समाधान निकाल्न नेपालले प्रयास गरिरहेको बताउनुभयो।

स ङ् त्र् म ण का ली न न्यायसम्मबन्धी काम र सरकारको कनै निकायको कर्मचारी हटाएको विषय तुलनायोग्य नभएकाले त्यस्ता अनावश्यक विषयलाई जोडेर प्रस्तुत नगर्नसमेत उहाँले आग्रह गर्नुभयो । प्रधानमन्त्री ओलीले जनताको सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेकाले मुलुक पछाडि फर्कन नसक्ने पनि स्पष्ट गर्नुभयो।

## भवन निर्माण तथा बस्ती विकास सम्बन्धी विधेयकमा छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत

गण्डकी प्रदेश सभामा भवन निर्माण तथा बस्ती विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल भएको छ।

प्रदेश सभाको विहीबारको बैठकमा सांसदहरुले आफ्नो धारणा राखेका छन्।

सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरुको जवाफ दिँदै गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाश बहादुर केसीले भवन निर्माण तथा बस्ती विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रदेशमा भवन निर्माण, तथा बस्ती विकास गर्ने कार्यलाई सुविधायुक्त, सुरक्षित र जोखिममुक्त बनाई नागरिक जीवन सुरक्षित बनाउन, मौलिक पहिचान झल्किने, भवन




निर्माणको मापदण्ड र बर्गीकरण गर्ने कार्यको नियमन गर्न, परम्परागत बस्तीको पहिचान र अभिलेखीकरण, बर्गीकरण, बस्ती/ एकीकृत बस्तीको निर्माण, जोखिममा रहेको बस्ती स्थान्तरण गर्न र बस्ती विकास कोषको व्यवस्था यो विधेयकमा रहेको उल्लेख गरे।

विधेयकले सार्वजनिक भवन निर्माण, प्रयोग, मर्मत साम्भार सम्बन्धमा व्यवस्था गरिनुका साथै जग्गा विकास वा भवन एकिकरण सम्बन्धमा समेत व्यवस्था गरिएको विषयलाई समेटेको मन्त्री केसीले बताए । उक्त विधेयकलाई सरकारले विज्ञ टोली, प्राविधक लगाएतको सल्लाह सुझावमा तयार गरेर सदनमा प्रस्तुत गरेको भनाई उनको छ।

विधेयक सैद्धान्तिक छलफलपछि विषयगत समितिमा पठाइने छ, जसका क्रममा आवश्यक संशोधनहरू हुन सक्ने बताइएको छ। छलफलका क्रममा माननीयज्युहरूले राखेका धारणा प्रति सरकार सकरात्मक रहेको र हामी सबै सदस्यहरुको सक्रिय सहभागिताले विधेयकलाई अझ उत्कृष्ट, जनमुखी र विकासोन्मुख बनाउने मन्त्री केसीले उल्लेख गरे।

## संविधानसभाबाट बनेको संविधान हट्नेवाला छैनः सभापति

**रासस**
काठमाडौं, १४ चैत

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वर्तमान संविधान जनताको चाहना बमोजिम बनेकाले यसको सफल कार्यान्वयनमा जोड दिनुभएको छ।

नेपाली कांग्रेसको मानव अधिकार विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजित 'मानवअधिकारप्रति नेपाली कांग्रेसको प्रतिबद्धता, व्यवहार र वास्तविकता' विषयक कार्यक्रममा सभापति देउवाले संविधानले सम्पूर्ण नागरिकलाई समेटेको उल्लेख गर्दै यसको कार्यान्वयन महत्वपूर्ण भएको बताउनुभयो । देशमा प्राप्त संविधानअनुसार राज्यको सबै तहमा समावेशी, समानुपातिक प्रतिनिधित्व भएको छ, यो सम्पूर्ण नेपाली जनताले संविधानसभामार्फत जनताको इच्छाअनुसार गणतन्त्र आएको हो, यो हट्नेवाला छैन, हट्ने कुरा पनि छैन", उहाँले भन्नुभयो।

सभापति देउवाले राजतन्त्र पुनःस्थापित हुने विषय असम्भव भएको बताउनुभयो । "प्रजातन्त्र कुनै हालतमा पनि हट्न सक्दैन, लोकतन्त्र र गणतन्त्रलाई स्थायी गराउने काममा लाग्नु जरुरी छ, बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालालगायत हामी सबैले यो व्यवस्था ल्याएका हौँ", उहाँले भन्नुभयो। नेपाली कांग्रेस बाग्मती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले संविधानअनुसार प्राप्त अभिव्यक्तिको स्वतन्त्रताको उपयोग गर्दै अरूको अधिकारको हनन नहुने गरी सबै किसिमका अधिकतम सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले मानवअधिकारप्रति नेपाली कांग्रेसको प्रतिबद्धता, व्यवहार र वास्तविकता विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले नेपाली कांग्रेसले स्थापनादेखि नै मानवअधिकारका पक्षमा काम गर्दै आएको उल्लेख गर्नुभयो । कांग्रेसले नै जनतालाई रैतीबाट जनतामा परिणत गरेको बताउँदै कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको २०४७ संविधानमा स्वतन्त्रतासम्बन्धी हक कायम भएको र अघिल्लो संविधानमा भएको मृत्युदण्ड दिने व्यवस्था हटाएर मानवअधिकार संरक्षणका पक्षमा उत्कृष्ट काम गरेको उहाँले धारणा राख्नुभयो।

## पाँच वर्षमा बन्यो धौलागिरि क्याम्पसको पुस्तकालय भवन

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ चैत

विसं २०७६ मा शिलान्यास गरिएको धौलागिरि बहुमुखी क्याम्पसको प्रविधिमैत्री पुस्तकालय निर्माणले यतिबेला पूर्णता पाएको छ । तीन वर्षसम्म अलपत्र जस्तै बनेको पुस्तकालय गतवर्षबाट पुनःनिर्माण थालिएको थियो।

तीन तला ढलान भएर तीन वर्षसम्म अलपत्र अवस्थामा रहेको पुस्तकालय भवन अहिले पूरा भएर सेवा प्रवाह सुरु भएको छ। धौलागिरि बहुमुखी क्याम्पस बागलुङमा सुविधा सम्पन्न प्रविधिमैत्री पुस्तकालय भवन निर्माणका लागि विसं २०७६ फागुन २९ गते शिलान्यास गरिएको थियो । शिलान्यासको दुई वर्षमै ढलान सकिएको पुस्तकालय त्यसपछि बजेट अभावका कारण अलपत्र बनेको थियो।

हाल उक्त भवन निर्माण भई सेवा दिन थालिएको धौलागिरि बुहुमुखी क्याम्पसका क्याम्पस प्रमुख प्राध्यापक डा सुदर्शन सिलवालले जनाउनुभयो । तत्कालीन सङ्घीय सांसद डा सूर्य पाठकको सांसद विकास कोषअन्तर्गत रु ७० लाख लागतमा निर्माण गरिएको भवन त्रिभुवन विश्वविद्यालयको बजेटले पुस्तकालय भवन सम्पन्न भएको हो । सांसद विकास कोषको विसं २०७६ मा रु ४० लाख र विसं २०७७ मा रु ३० गरी ७० लाख रकममा भवनको बाहिरी संरचना र त्रिभुवन विश्वविद्यालयलको रु एक करोडमा सम्पन्न भएर पुस्तकालय सेवा दिन थालिएको छ।

## सरकारको निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट

**पोखरापत्र संवाददाता**
पर्वत, १४ चैत

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफूलाई हटाउने सरकारको निर्णय बदरको माग गर्दै कुलमान घिसिङले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्नुभएको छ।

सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेकाअनुसार बुधबार पेस भएको घिसिङको रिट निवेदन आज दर्ता भएको हो । उक्त विवादमा आगामी शुक्रबार सुनुवाइ हुने जनाइएको छ।

रिट निवेदनमा भनिएको छ, "नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्ति गर्ने निर्णय र सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी उपरोक्त निर्णय एवं पत्र र कारबाहीको आधारमा निवेदकलाई नियुक्ति मितिदेखि चार वर्षको अवधि अगावै सेवाबाट हटाउने कार्य नगर्नु र सेवामा रही नियमित कामकाज गर्न नरोक्नु नरोकाउनु, कुनै बाधा व्यवधान नगरी यथावत काम कारवाही गर्न दिनु।" चार महिना कार्यकाल बाँकी रहँदा गत सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरी हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो।

## पर्वतमा गहुँबारे अनुसन्धान सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, १४ चैत


पर्वतमा आठ प्रजातिका गहुँवालीबारे अनुसन्धान गर्न थालिएको छ।

राष्ट्रिय गहुँ बाली अनुसन्धान केन्द्र भैरहवाले पर्वतको फलेवास नगरपालिकाका विभिन्न क्षेत्रमा लगाइएको आठ जातका प्रजनन गहुँमाथि अनुसन्धान सुरु गरेको जनाएको छ।

सरकारको जलवायु अनुकूलन गहुँ खेती प्रविधि कार्यक्रमअन्तर्गत मध्यपहाडी भेगमा पहिलो पटक गहुँबारे अनुसन्धान थालिएको केन्द्रले जनाएको छ । कुन स्थानमा कुन प्रजातिको गहुँखेती गर्दा कृषकले राम्रो उत्पादन लिन सक्छन्, कुन हावापानी र मौसम तथा भौगोलिक स्थानमा कुन प्रजाति सुहाउँदो छ भन्ने विषयमा अनुसन्धान थालिएको राष्ट्रिय गहुँबाली अनुसन्धान केन्द्र भैरहवाका वरिष्ठ कृष्ण विकास अधिकृत खेमराज पन्तले जानकारी दिनुभयो।

फलेवास नगरपालिका वडा नं. ६ का अगुवा कृषक रमेश चापागाईंले कृषि प्राविधिक नै खेतवारीमा आएर गहुँको अनुसन्धान गर्दा आफूहरूलाई आगामी दिनमा गहुँखेती गर्न सहज हुने बताउनुभयो।

बर्सेनि तापक्रममा भएको वृद्धि, जलवायु परिवर्तनले हिउँदे वर्षा नहुने, सिँचाइको अभाव जस्ता कारणले कृषकहरूको गहुँखेतीतर्फको आकर्षण घट्दै गएका बेला केन्द्रले निश्चित प्रजाति पहिचान गरेर सिफारिस गर्ने फलेवास नगरपालिकाकी उपप्रमुख शोभा क्षेत्रीले बताउनुभयो। गहुँका विभिन्न आठ प्रजनन बीउको अनुसन्धान गरिएकोमा अहिलेसम्म चार जात सिफारिसका लागि छनौट भएको उहाँले बताउनभयो । वरिष्ठ कृषि विकास अधिकृत पन्तका अनुसार अनुसन्धानपछि एन एल ११७९, एनएल १४८८, एनएल १४८६, एनएल १४५० नामक गहुँको जातको गहुँ खेतीका लागि सिफारिसको तयारी गरेको बताउनुभयो। यी प्रजाति समुद्र सतहदेखि आठ सय मिटरको उचाइमा राम्रोसँग उत्पादन हुने जनाइएको छ । केन्द्रले फलेवास नगरपालिका-६ देवीस्थानका १२ जना किसानको खेतमा अनुसन्धान गरेको हो । शिवशक्ति कृषि तथा पशुपन्क्षी कृषि फर्ममा आबद्ध १२ जना किसानको ४० रोपनी क्षेत्रफलमा गरिएको गहुँ खेतीमा अनुसन्धान गरिएको थियो।



# सराङकोट महायज्ञबाट करिव साढे २ करोड बचत

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

यही फागुन १४ देखि २१ गतेसम्म सराङकोटमा भएको श्रीमद्भागवत् ज्ञानमहायज्ञ एवम् धार्मिक पर्यटन महाउत्सवमा करिव साढे २ करोड बचत भएको छ।

आयोजक सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिले बिहीबार एक कार्यक्रमका बीच महायज्ञको आय व्यव विवरण सार्वजनिक गरेको हो ।जसअनुसार यज्ञमा रु.३ करोड १ लाख ९२ हजार, ३ सय ५५ दान संकलन भएकोमा ५३ लाख ९४ हजार ६ सय २८ खर्च कटाई रु.२ करोड ४७ लाख ९७ हजार ७ सय २७ बचत हुन आएको महायज्ञका सहमहासचिव भेकबहादुर थापाले जानकारी दिनुभयो । उहाँले त्यसमध्ये ५५ लाख अक्षयकोषवापत प्राप्त हुन आएको पनि स्पष्ट पार्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महायज्ञका प्रमुख वाचक भागवत् भाष्कर पण्डित कमलनयन



गौतमले सबैको साथ सहयोगले यज्ञ सफल भएको जनाउनु हुँदै अझै पनि सहयोग आउनेक्रम जारी रहेको बताउनुभयो। उहाँले दानको महत्वमाथि प्रकाश पार्नुहुँदै आयोजक सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिको क्रियाशिलताको प्रशम्सा गर्नुभयो । समितिका अध्यक्ष प्रेमबहादुर जिसीले यज्ञमा खट्नुहुने सबैप्रति आभार प्रकट गर्नुहुँदै २० वर्षसम्मको निरन्तर साधानाका कारण सराङकोटमा हालसम्मका संरचना निर्माण गर्न सफल भएको औँल्याउनुभयो ।उहाँले सराङकोटको स्तरबृद्धिमा सहयोग गर्ने पोखरा महानगर, गण्डकी प्रदेश सरकार, पोखरा क्षेत्रका स्थानीयवासी लगायत सबै भक्तजनप्रति धन्यवाद समेत प्रकट गर्नुभयो।

वडा सदस्य समेत रहनुभएकी महायज्ञ मूल आयोजक समितिकी सहअध्यक्ष कल्पना ढकाल क्षत्रीले सराङकोट पोखरा क्षेत्रकै प्रसिद्ध धाम रहेको उल्लेख गर्नुहुँदै उक्त धामलाई अझै व्यवस्थित गर्दै लैजानुपर्ने स्पष्ट पार्नुभयो। कार्यक्रमका बीच महायज्ञमा सहयोग पुऱ्याउनुहुने आमा समूह, युवा क्लव, भजन समूह, वाजा समूह लगायत विभिन्न संघ संस्था एवम् व्यक्तिलाई सम्मान गरियो । सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा वडा सदस्य कल्पना ढकाल क्षत्रीले स्वागत तथा महायज्ञका सचिव डिलबहादुर जिसीले कार्यक्रम संचालन गर्नुभयो।

सराङकोटमा वि.स २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ । हालसम्म विशाल शिव मन्दिर, नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङग, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका तथा भैरव मन्दिर, स्वागतद्वार निर्माण भइसकेका छन् । ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ।

त्यहाँ अझै १५ करोडका संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ। यही फागुन १४ गते सराङकोट धामको राष्ट्रपति रामचन्द्र पौडेलले एक समारोहका बीच उद्घाटन गर्नुभएको थियो।

# ६८ औं राष्ट्रिय सहकारी दिवस पोखरामा विभिन्न कार्यक्रम गरी मनाइने

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

६८ औ राष्ट्रिय सहकारी दिवस पोखरामा पनि विभिन्न कार्यक्रम गरी मनाइने भएको छ । जिल्ला सहकारी संघ कास्कीको आयोजनामा यही चैत १४ गते देखि २० गतेसम्म विभिन्न कार्यक्रमको आयोजना गरी ६८ औं सहकारी दिवस मनाउने भएको आज(विहिबार) पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

मर्यादित सहकारी समुन्नत समाज भन्ने मूल नाराका साथ यही चैत २० गते मानव अधिकार चोकमा भेला भई प्रभातफेरी सहित पोखरा सभागृहमा एक समारोहका बिच सहकारी दिवस मनाइने भएको संघका अध्यक्ष एवं मुल आयोजक समितिका संयोजक दिपकराज बाँस्तोलाले बताउनु भयो । चैत्र १४ पत्रकार सम्मेलन, चैत्र १५ पोखरा पार्टी प्यालेसमा बुद्धिचाल प्रतियोगिता हुने, चैत १६ गते




बुद्धिचाल प्रतियोगिता तथा निबन्ध प्रतियोगिता हुने, चैत १७ गते साइकल र्‍याली, चैत १८ गते रंक्तदान कार्यक्रम, चैत १९ गते सरसफाई कार्यक्रम तथा अन्तरकृया कार्यक्रम हुने भएको उहाँले जनाउनु भयो । चैत २० गते सहकारीमा उत्पादन भएका बस्तु तथा सेवाहरु प्रर्दशनी तथा बिक्रि हुने गरी पोखरा सभागृहमा स्टलहरु रहने भएको छ । साँझ भने दिपावली गरिने भएको छ।

कास्कीमा ४ सय ४१ वटा सहकारी मध्य आबद्ध रहेको संघका महासचिव दिपक प्रकाश आचार्यले बताउनु भयो। उहाँका अनुसार कास्कीमा ४ वटा सहकारीको रकम हिनामिना भएको जनाउनु भयो । अझै केही सहकारी समस्यामा रहेकोले मेलमिलाप गर्न आफुहरुले पहल गरेको महासचिव आचार्यले जनाउनु भयो।

पोखरा महानगर सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले कास्कीमा करिब ७ सय सहकारीहरु भए पनि कर्मचारी, संचालक समिति र सहकारीका बाहिरी जिल्लाका व्यक्तिबाट पोखरा सहित कास्कीको सहकारीको रकम हिनामिना भएको बताउनु भयो। सहकारीमा हाल विश्वासको संकट भएको उहाँले जनाउनु भयो।

# 'चिया र गफ-सुपर कप टि-२० क्रिकेट प्रतियोगितामा लेखनाथ ईगल्सको पहिलो जित

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

पोखरामा जारी 'चिया र गफ-सुपर कप टि-२० क्रिकेट प्रतियोगितामा लेखनाथ ईगल्सले पहिलो जित निकालेको छ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको सहयोग तथा पोखरा महानगरपालिका क्रिकेट संघको आयोजना र व्यवस्थापनमा भइरहेको प्रतियोगिताको दोस्रो खेलमा लेखनाथ ईगल्सले लेकसाईड फाल्कोनलाई ५६ रनले पराजित गरेको हो । यसअघि बुधबार भएको उद्घाटन खेलमा लेखनाथ ईगल्स न्यूरोड हबसँग ७ विकेटले पराजित भएको थियो।

लेखनाथस्थित इडेन हेभेन क्रिकेट मैदानमा भएको खेलमा लेखनाथ ईगल्सले टस जितेर पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १०६ रन बनाएको थियो । लेखनाथ ईगल्सका लागि प्रताप थापाले ३८ बलमा २७ रन को योगदान दिए । लेखनाथ ईगल्सलाई सस्तैमा समेट्न लेकसाईड फाल्कोनका अनिस रावतले ३ ओभर बलिङ गर्दै १६ रन खर्चेर २ विकेट, कृष्ण पौडेलले ४ ओभरमा ५




रन खर्चेर २ विकेट र अञ्जन केसीले ४ ओभर बलिङ गर्दै ११ रन खर्चेर २ विकेट लिए । १०७ रनको सामान्य लक्ष्य लिएर जवाफी ब्याटिङमा उत्रिएको लेकसाईड फाल्कोन १३.३ ओभरमा सबै विकेट गुमाएर ४५ रनमा समेटियो। लेकसाइड फाल्कोनका लागि कृष्ण बलले २१ बलमा १२ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंक जोड्न सकेनन् । लेखनाथ ईगल्सका ४ ओभर बलिङ गर्दै १४ रन खर्चेर ४ विकेट, मार्सल बराललेे ३.१ ओभर बलिङ गर्दै १२ रन खर्चेर ३ विकेट हत्याए । विहीबारको खेलमा बिजयी टिम लेखनाथ ईगल्सका विस्वास पराजुली प्लेयर अफ दी म्याच घोषित भए । प्रतियोगिता अन्तर्गत शुक्रबार तेश्रो दिन लेकसाईड फाल्कोन र न्यूरोड हब आमनेसामने हुने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए। चैत १५ गतेसम्म जारी रहने प्रतियोगितामा ३ टिम सहभागी छन् । पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा गत फागुन अन्तिम साता भएको अन्तर क्लव टि-२० क्रिकेट प्रतियोगिताबाट छनौट भएका ३६ जना खेलाडीलाई ३ वटा समूहमा विभाजित गरेर प्रतियोगिता खेलाईएको अध्यक्ष पुनले बताए । प्रतियोगिताको बिजेता र प्रत्येक दिनको प्लेयर अफ दी म्याचलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने उनले जानकारी दिए।

# वैशाख १८ देखि प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरुष भलिवल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

पर्यटनको राजधानी पोखरामा प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तराष्ट्रिय पुरूष भलिवल प्रतियोगिता २०८२ हुने भएको छ।

लायन्स ईन्टरनेशनल डिष्ट्रिक ३२५ एमको आयोजनामा पोखरा रंगशालाको कभर्डहलमा आउँदो वैशाख १८ देखि २२ गतेसम्म उक्त प्रतियोगिता हुने भएको बिहीबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो। ५ दिन चल्ने प्रतियोगितामा विदेशी सहित ६ टिमको सहभागी हुने डिष्ट्रिक गभर्नर चण्डीप्रसाद अर्यालले बताउनु भयो।

पाहुना टोली पाकिस्तान भलिवल क्लव इस्लामावाद, नेपाल पुलिस क्लव, गण्डकी प्रदेश भलिबल संघ, त्रिभुवन आर्मी क्लव र नेपाल एपीएफ क्लव प्रतियोगितामा सहभागिता हुने पक्का भएको बताउदै उहाँले भारत र इरानको टिमसंग कूराकानी भइरहेको उल्लेख गर्नुभयो।

प्रतियोगितामा विजेता टीमलाई ४ लाख ४४ हजार ४ सय ४४, उपविजेतालाई टिमलाई २ लाख ४४ हजार ४ सय ४४ रूपैयाँ, तेश्रो हुने टिमलाई भने १ लाख ४४ हजार ४ सय ४४ रूपैयाँ प्रदान गरिने क्याविनेट सेक्रेटरी शिवराज आचार्यले बताउनु भयो।

अन्तर्राष्ट्रियस्तरमा १०७ वर्ष र नेपालमा ५४ वर्ष पूरा भएको अवसरमा नेपालको राष्ट्रिय खेल भलिवल भएकोले उक्त खेलको प्रबर्द्धन गर्न प्रतियोगिता गर्न लागिएको अध्यक्ष अर्यालले बताउनु भयो। राष्ट्रिय खेलकुद परिषद, नेपाल भलिवल संघ र गण्डकी प्रदेश खेलकुद परिषदको स्विकृती तथा गण्डकी प्रदेश भलिवल संघको प्राविधिक सहयोग, पोखरा महानगरपालिका प्रवर्द्धन र गण्डकी प्रदेशको बिशेष सहयोगमा लायन्सको इतिहासमै पहिलो पटक अन्तर र्िष्ट्रियस्तरको लायन्स कप भलिवल खेल आयोजना गर्न लागिएको उहाँले दाबी गर्नु भयो । फष्ट भाईस डिष्ट्रिक गभर्नर धनिराम बरालले लाइन्स क्लवले सुरु गर्ने उक्त प्रतियोगितालाई सफल पार्न सबैको साथ र सहयोगको अपेक्षा गर्नु भएको छ।

## स्कुटर हरायो

मिति २०८१ चैत्र १३ गते बुधबार पो.म.न. वडा नं-१८, चिसाखोला स्थित आफ्नै निवासमा गए राती ग. १३ प १३४० कालो सेतो रंगको Dio Scooter घरकै प्रगाङ्णमा पार्किङ गरिएको तर बिहान ५:३० बजे हराएको हुदाँ सो स्कुटर फेला पार्नु भएमा कोशी गुरुङ वा सांग्रिला डेभलपमेन्ट बैंक लि.को भद्रकाली शाखा सम्पर्क नं-०६१-५७८३४४, ५८३३१७ वा नजिकको प्रहरी कार्यलयमा सम्पर्क गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु।

इन्जिन नं.: JF39E71330974
च्यासिस नं.: ME4JF399LG7060827
दर्ता नं.: ग १३ प १३४०
कम्पनी : होण्डा
बनौट: स्कुटर
मोडेल: Dio
नाम : कोशी गुरुङ
सम्पर्क नं.: ९८४६०४१५५९, ९८५१३६५६५५

# रेडियो अन्नपूर्णले चैत १६ गते गर्ने रक्तदानको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज र पोखरा इन्टरनेटको संयुक्त आयोजनामा यहीं चैत १६ गते शनिवार हुने वृहत रक्तदान कार्यक्रमको तयारी पुरा भएको छ। रक्तदान कार्यक्रमलाई भव्य बनाउदै रक्तदातालाई यसतर्फ उत्प्रेरित गर्नको लागि निरन्तर आयोजना गरिदै आएको रेडियोका स्टेसन म्यानेजर सञ्जय कुमार मल्लले बताए।

रेडियोले सामाजिक उत्तरदायित्व अन्तर्गत "जीवन बचाउन रक्तदान गरौँ" भन्ने नाराको साथमा २३ औं वृहत खुला रक्तदान कार्यक्रम आयोजना गरेको मल्लले खुलाए । रक्तदान कार्यक्रमलाई सफल बनाउन विभिन्न समितिहरू गठन गरेर तयारी अगाडि बढाइरहेको बुधबार रक्तदान कार्यक्रमका संयोजक आरजु बिष्ट "सल्यानी"ले बताए। उनले शनिबार बिहान ७ बजेबाट रेडियोको प्राङ्गणमा आयोजना हुने रक्तदान कार्यक्रममा सहभागी बन्दै रेडियोको अभियानलाई साथ दिनका आग्रह समेत गरेका छन् । रेडियोले २०५८ सालदेखि नियमित रुपमा रक्तदान कार्यक्रम आयोजना गर्दै आइरहेको छ। स्थापना कालदेखि हालसम्म ७ हजार ७ सय ३ युनिट रगत सङ्कलन गरिसकेको प्रचार प्रसार संयोजक राजाराम पौडेलले जनाए । गत वर्षको संस्करण २ सय ७ युनिट रगत संकलन भएको थियो । सबैको साथ सर्पोटले कार्यक्रम सफल बन्ने कार्यक्रम व्यवस्थापक नारायण पौडेलको विश्वास छ। रक्तदान कार्यक्रममा नेपाल बैक लिमिटेड, नेपाल बिमा प्राधिकरण, नबिल बैक लिमिटेड, श्री स्टिल इन्डष्ट्रिज, गुहेश्वरी फाइनान्स, ग्रीन डेभलपमेन्ट बैक, लायन्स क्लब अफ टुरिजम सिटी पोखरा, बराल फिड इन्डष्ट्रिज, डाबर नेपाल प्रालि, सीजी फुड्स प्रालि, तालबाराही फार्मेसी, फिस्टेल हस्पिटल एण्ड रिसर्च सेन्टर, रेजिना अफसेट प्रेस, सलिको इन्सुरेन्स लिमिटेड, नेलम्बो नेपाल, बाराही बेकरी प्रालि, पेन्गुइन ड्रिङकिङ वाटर, रियो फ्रुट्स लगायतले सहयोग गरेको कार्यक्रम व्यवस्थापक पौडेलले जनाए।

## पानीका स्रोतको संरक्षण गरौं।

◆ वनसम्पदाको संरक्षण गरौं,
◆ खुला ठाउँमा वृक्षरोपण गरौं,
◆ इनार, कुवा, पोखरी. पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
◆ भूमिगत पानीको दोहन नगरौ,
◆ पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
◆ खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# राष्ट्रिय सभालाई नसुहाउने काम

संघीय संसद्को बैठक विपक्षी दलको विरोधका कारण आ चन सके हुन राष्ट्रिय सभाको बैठक शुरू भए लगत्तै विपक्षी दलका सांसदहरूले उभिएर विरोध जनाए। राष्ट्रिय सभाको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाज)का सांसद डा. वेदुराम भुसालले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक पदबाट हटाउनुको कारणबारे सरकारले जवाफ दिनुपर्ने बताए। यो मन्त्रिपरिषद्को निर्णय हो। धारा ७६ बमोजिम प्रधानमन्त्री सङ्घीय संसद् प्रति जवाफदेही हुनुपर्ने व्यवस्था छ। प्रधानमन्त्रीले संसद्मा जवाफ दिएका छैनन् भा बाहिर कार्यक्रममा संसद्मा जवाफ आवश्यक छैन भन्दै हिँड्नु समस्या बल्झाउने काम हो।

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले यस विषयमा ध्यानाकर्षण भएको बताउँदै सभा सञ्चालन गर्न आग्रह गरेका थिए। यस विषयमा सभाको मात्र होइन, सिङ्गो राष्ट्रकै ध्यानाकर्षण भएको छ। तर हामीले अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएका विधेयकलाई चाँडो पारित गर्नुपर्नेछ। राष्ट्रिय सभाको प्रतिष्ठाको पनि विषय बन्छ, राष्ट्रिय सभाको गरिमा बचाउन सक्ने कि नसक्ने अहिलेको यक्ष प्रश्न हो। राष्ट्रियसभा कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले संसद्मा अवरोध सिर्जना हुँदा प्रतिस्थापन विधेयक पारित गर्न समस्या हुने भएकाले बैठक सञ्चालनका लागि गरेको आग्रह सत्तारुढ दलका लागि नभइ राष्ट्रिय सभाको गरिमा र महत्त्व बुझाउन हो।

संविधानले अध्यादेश स्वीकृत भइसकेपछि ६० दिनभित्रप्रतिस्थापनविधेयकपारितगरिसक्नुपर्नेव्यवस्था रहेको छ। राष्ट्रिय सभाले संविधानले तोकेअनुसार कस्तो परम्परा बसाउने भन्ने महत्त्वपूर्ण विषय खडा भएको छ। राष्ट्रियसभाको बैठक छोटो समयका लागि स्थगन भएपनि प्रतिनिधिसभा जस्तै व्यवहार देखाउनु १२ वर्ष सम्म मौका दिंदा सदुपयोग गर्न नचाहनु र नगर्नु आफैंलाई ठग्नु हो। प्रतिनिधिसभाको बैठक पनि संचालनमा तत्पर्दा दिन सकेको प्रतिनिधिसभाको बैठकले नयाँ क्यालेन्डरमा एक अच्चमको सन्देश हो।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस्।

# उनान्नब्बे वर्षमा नागरिकता

रासस
काठमाडौं, १३ चैत

यहाँको बूढीगङ्गा नगरपालिका-८ की रङ्गी नेपालीले ८९ वर्षको उमेरमा नागरिकता प्राप्त गर्नुभएको छ।

प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्यालले नेपालीलाई बिहीबार नेपाली नागरिकता प्रदान गर्नुभयो। उहाँलाई पहिलेदेखि नेपाली नागरिकता दिलाउन प्रयास गरिएपनि कानुनी जटिलताका कारण नसकेको सो वडाका वडाअध्यक्ष रमेश रावलले बताउनुभयो। वडाअध्यक्ष रावलका अनुसार नेपालीको एक छोरीले विवाह गरेर गएपछि सहाराविहीन बन्नुभएकी उहाँ नागरिकता नहुँदा नगरपालिकाबाट प्राप्त सेवा सुविधाबाट वञ्चित हुनुपरेको थियो।

# आठ अर्ब ३१ करोड ९१ लाख राजस्व असुली

पोखरापत्र संवाददाता
तनहुँ, १४ चैत

तनहुँस्थित आन्तरिक राजस्व कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा रु आठ अर्ब ३१ करोड ९१ लाख राजस्व असुली गरेको छ। यो रकम निर्धारित लक्ष्यमा एक प्रतिशतले कम हो।

कार्यालयलाई रु आठ अर्ब ४० करोड १७ लाख राजस्व असुली गर्ने लक्ष्य दिइएकामा ९९ प्रतिशत लक्ष्य पूरा भएको उक्त कार्यालयका प्रमुख लालबहादुर खत्रीले बताउनुभयो। कार्यालयले चालु आवमा रु १४ अर्ब ९३ करोड ५४ लाख ६९ हजार असुली गर्ने लक्ष्य लिएको छ। तनहुँ कार्यालयमा २५ हजार करदाता करको दायरमा समाहित छन्। यहाँ लमजुङ, गोर्खा र मनाङका उद्यमी-व्यवसायीले पनि राजस्व दाखिला गर्दै आएका छन्।

पम्पसहितको पानी ट्याङ्की निर्माण

डिभिजन वन कार्यालयले आगलागीका बेला प्रयोग गर्न रु तीन लाख ८५ हजार लागतमा चार हजार दुई सय लिटर क्षमताको पम्पसहितको पानी ट्याङ्की निर्माण गरेको छ।

सुक्खायाममा आगलागीका घटना हुने भएकाले पूर्वतयार स्विरुप पानी ट्याङ्कीको व्यवस्था गरिएको वन अधिकृत शरदकुमार अधिकारीले बताउनुभयो।

# किसान आयोगप्रति किसानको गुनासो

रासस
चितवन, १४ चैत

किसानका समस्या समाधानका लागि बनेको किसान आयोग समस्या समाधानतर्फ लाग्नुपर्ने किसानले माग गरेका छन्। किसान सूचीकरण कार्यक्रम प्रभावकारी कार्यान्वयनका सम्बन्धमा राष्ट्रिय किसान आयोगले बुधबार यहाँ आयोजना गरेको छलफलका सहभागी किसानले आयोगलाई सहज रुपमा काम गर्ने वातावरण बनाउन माग गरेका हुन्।

सहभागीले किसानको हकहितका विषयमा आवाज उठाउन आयोगलाई आग्रह गरेका छन्। नेपाल किसान महासङ्घ बागमती प्रदेश उपाध्यक्ष प्रतिभा पाण्डेले किसानका उत्पादनको उचित मूल्यका निम्ति आयोगले सक्रिय हुनुपर्नेमा जोड दिनुभयो।

केन्द्रीय दुग्ध उत्पादक सहकारी सङ्घका उपाध्यक्ष भगिरथ तिमिल्सिनाले किसानका समस्या समाधानमा आयोगले ध्यान दिन नसकेको गुनासो गर्नुभयो। केरा उत्पादक किसान जनकराज पन्तले किसानको सूचीकरणका लागि स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन माग गर्नुभयो। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका उपसचिव चेतबहादुर रोकाले अहिले नेपालमा २० लाख ७१ हजार १०६ कृषकले सूचीकरणका लागि आवेदन दिएका जानकारी दिनुभयो। बागमती प्रदेशमा तीन लाख २९ हजार ८७६ जना किसान छन्। देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद पोखरेलले किसानका समस्याप्रति संवेदनशील हुन आयोगलाई आग्रह गर्नुभयो। मकवानपुरका जिल्ला समन्वय समिति प्रमुख ललित घलानले किसानका समस्या समाधानका लागि आयोगको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। राष्ट्रिय किसान आयोगका अध्यक्ष प्रेमप्रसाद दङ्गालले किसानका समस्या समाधानका लागि आयोगले सरकारलाई सुझाव दिएको बताउनुभयो।

# मनासलु पदयात्रामा गएका पथप्रदर्शकको मृत्यु

पोखरापत्र संवाददाता
गोरखा, १४ चैत

उत्तरी गोरखास्थित मनासलु पदयात्रामा पर्यटकलाई पथप्रदर्शन गर्न आएका पथप्रदर्शकको मृत्यु भएको छ।

सोताङ गाउँपालिका-४ सोलुखुम्बुका ५४ वर्षीय पथप्रदर्शक सार्की शेर्पाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

शेर्पाको विकट मानिने धार्चे गाउँपालिका-३ खोलाबेंसीस्थित खोला किनारमा आज बिहान हिँड्ने क्रममा अचानक ढलेर घाइते हुनुभएकामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो। "शेर्पा आइएनएफओ नेपाल ट्रेकिङ एजेन्सीमार्फत अमेरिकी नागरिकको पथप्रदर्शकका रूपमा यहाँ आएका रहेछन्", उहाँले भन्नुभयो, "हिँड्ने क्रममा अचानक ढल्दा टाउकोमा गहिरो चोट लागेपछि उपचारका लागि धार्चे आधारभूत अस्पताल लगिएको थियो।" प्रनाउ सुवेदीका अनुसार शेर्पाको उपचारका क्रममा आज बिहान मृत्यु भएको हो। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# महिला एसियन कप-२०२६ छनोटः नेपाल समूह एफमा

रासस
काठमाडौं, १४ चैत

एसियाली फुटबल महासङ्घ (एएफसी) महिला एसियन कप-२०२६ छनोटमा नेपाल समूह 'एफ'मा परेको छ।

महासङ्घले मलेसियाको क्वालालम्पुरस्थित एएफसी हाउसमा बिहीबार सर्वजनिक गरेको समूह विभाजनमा नेपाल 'एफ'मा परेको हो। नेपालको समूहमा उज्बेकिस्तान, लाओस र श्रीलङ्का छन्। आगामी जुन महिनामा समूह 'एफ'को छनोट खेल उज्बेकिस्तानमा हुनेछ। नेपालले आफ्नो समूहमा शीर्षस्थान हात पार्न सके पहिलो पटक एसियन कप खेल्नेछ।

एएफसी महिला एसियन छनोटमा विभिन्न ३४ देशलाई आठ समूहमा विभाजन गरिएको छ। जसमा हरेक समूहको विजेताले अष्ट्रेलियामा हुने एसियन कप खेल्नेछन्। एसियन कप सन् २०२६ मार्चमा अष्ट्रेलियामा हुँदैछ।

# छिम्केश्वरीलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पहल

पोखरापत्र संवाददाता
दमौली, १४ चैत

जिल्लाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरीलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पहल थालिएको छ। समुन्द्री सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरीमा पर्यटकीय गतिविधि बढाउन र यहाँका स्थानीयवासीको आर्थिकस्तर उकास्ने उद्देश्यसहित यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पहल थालिएको हो।

आँबुखैरेनी गाउँपालिका-५ मा अवस्थित छिम्केश्वरीमा हाल वार्षिक एक लाख पर्यटक आउने गरेको तथ्याङ्क छ। गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले यहाँ आवश्यक पर्यटकीय पूर्वाधार निर्माण गरी धेरै पर्यटक भित्र्याउने लक्ष्य राखेर काम अगाडि बढाइएको जानकारी दिनुभयो। "हामी छिम्केश्वरीको एकीकृत पर्यटकीय विकासमा जुटेका छौं। त्यसका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर अगाडि बढ्छौं", उहाँले भन्नुभयो,"गाउँपालिकाले छिम्केश्वरीमा पूर्वाधार निर्माण गरेर समग्र गाउँपालिकाको विकास योजना अगाडि बढाएका छौं। यसमा सङ्घीय, प्रदेश, स्थानीय तहको सरकारको साझेदारी, आमजनताको सहभागिता र निजी क्षेत्रको लगानी अपेक्षा गरेका छौं।" अध्यक्ष चुमानले छिम्केश्वरीमा सडक असुविधा, खानेपानी अभाव, विद्युत् समस्या, मोबाइल टावर नभएका जस्ता समस्या क्रमशः निराकरण हुँदै जाने र सडक सञ्जाल स्तरोन्नतिका क्रममा रहेको बताउनुभयो।

यस्तै, खानेपानीको बजेट स्रोत सुनिश्चित भए विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर ठेक्का लगाउने प्रक्रियामा रहेको छ। अध्यक्ष चुमानले भन्नुभयो, "वडा नं ४, ५ र ६ लाई समेटेर एकीकृत छिम्केश्वरी खानेपानी आयोजना अगाडि बढाउन डिपिआर भइरहेको छ। त्यो काम सकिएपछि मन्त्रालयबाट ठेक्का आह्वान हुनेछ।" खानेपानीका लागि करिब रु १० करोड लाग्ने अनुमान गरिएको छ। यस्तै, छिम्केश्वरीमा टेलिकमको टावर नहुँदा सञ्चार सम्पर्कमा समस्या हुँदै आएकाले त्यसको समाधानका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग र विद्युत् पहुँच नपुगदा सोलारबाट काम चलाउनुपर्ने अवस्था अन्त्यका लागि विद्युत् प्राधिकरणसँग समन्वय भइरहेको जनाइएको छ। यहाँ पर्यटकीय क्रियाकलाप बढाउन मन्दिर नजिकै बूढीमाईमा ध्यानगृह बनाउने लक्ष्यसमेत राखिएको छ। छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष कृष्णमान तामाङले यी सबै योजना सम्पन्न भएमा हाल वार्षिक रूपमा एक लाख पर्यटक आउने गरेकामा त्यो सङ्ख्या निकै बढ्ने विश्वास व्यक्त गर्नुभयो।

यहाँ रहेको छिम्केश्वरी मन्दिर गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीको पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ। सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई यसै क्षेत्रमा अवस्थित छन्भने साइली गोरख कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ। यसका साथै यस स्थानबाट धौलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायत हिमाल हेर्न सकिन्छ। यस मन्दिरमा पुग्नका लागि गण्डकी प्रदेश सरकारको सहयोगमा पैदलमार्ग रेलिङनिर्माण भइसकेको छ। आर्थिक वर्ष ०७५/७६ मा रु ४१ लाख ६३ हजार ७०६ को लागतमा ४८६ मिटर ढुङ्गाको सिँढी निर्माण सम्पन्न गरिएको थियो भने आर्थिक वर्ष ०७६/७७ मा रु ३५ लाख ९९ हजार १४१ को लागतमा ३०५ मिटर ढुङ्गाको सिँढी र रेलिङ निर्माण सम्पन्न गरिएको थियो।

# रेन्बो एकेडेमिक होम्सद्वारा ९२ जना विद्यार्थी दीक्षित

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत



पोखरा महानगरपालिका वडा नं १५ स्थित रेन्बो एकेडेमिक होम्स आवासीय माविले युकेजीमा अध्ययनरत ९२ जना विद्यार्थीलाई दीक्षित गरेको छ। विद्यालयले शुक्रबार एक कार्यक्रम आयोजना गरी उनीहरुलाई दीक्षित गरेको हो।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष सुशीलराज पराजुली, प्राचार्य बाबुराम बराल, संस्थापकद्वय खेमनारायण ढकाल र कृष्णप्रसाद ढकालले विद्यार्थीलाई दीक्षित गरेका थिए।

कार्यक्रममा अध्यक्ष पराजुलीले सिक्ने र सिकाउने थलो विद्यालय भएकाले आफूहरुले सोही प्रकारको वातावरण सिर्जना गरेको बताए। प्राचार्य बरालले विद्यालयको समग्र गतिविधिमाथि प्रकाश पार्दै विद्यार्थीको हौसला बढाउन पहिलो पटक दिक्षान्त समारोह आयोजना गरिएको बताए। विद्यालयका संस्थापक कृष्णप्रसाद ढकालले विद्यालयको प्रगतिप्रति आफू निकै उत्साहित भएको बताए। विद्यालयका अभिभावक सुनिता कंडेलले रेन्बो एकेडेमिक होम्स उत्कृष्ट विद्यालय भएकोमा खुशी लागेको भन्दै विद्यार्थीलाई व्यवहारिक शिक्षा पनि दिनुपर्ने खाँचो औंल्याइन्। संस्थापक खेमनारायण ढकालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत शिक्षिका कामना थापाले स्वागत र सञ्चालन सुषमा गुरुङले गरेकी थिइन्।

२०५२ सालमा स्थापित विद्यालयमा हाल करिब एक हजार पाँच सय विद्यार्थी अध्ययनरत छन्। विद्यालयमा कक्षा ११ र १२ मा व्यवस्थापन संकायको पढाई हुँदै आएको छ।

# दुलेगौंडा-हर्कपुर सडक स्तरोन्नति गरिँदै

पोखरापत्र संवाददाता
दमौली, १४ चैत

मार्ग खुलेको २४ वर्षपछि स्तरोन्नति थालिएको जिल्लाको दुलेगौंडा-हर्कपुर खण्डमा हालसम्म ४१ प्रतिशत भौतिक प्रगति भएको छ। गण्डकी प्रदेशको 'एक निर्वाचन क्षेत्रः एक रणनीतिक सडक' अन्तर्गत तनहुँको दुलेगौंडा-हर्कपुर खण्डमा स्तरोन्नति थालिएको हो।

लामो समयदेखि काम हुन नसकेको उक्त खण्डमा अहिले निर्माण कम्पनीका प्रतिनिधिले काम सुरु गरेका छन्। शुक्लागण्डकी नगरपालिकाको दुलेगौंडाबाट म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिका जोडिने उक्त सडकमा विसं २०७६ मङ्सिरदेखि काम सुरु गरिएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ। कार्यालयका प्रमुख रवीन्द्र तिवारीका अनुसार विसं २०५२ मा ट्रयाक खोलिएको दुलेगौंडा-हर्कपुर खण्डको १० दशमलव १८ किलोमिटर कालोपत्रका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भई २०७६ साल मङ्सिर २४ गते शिलान्यास गरिएको थियो। विसं २०७८ माघ १० गतेभित्र सम्पन्न हुनुपर्ने सडकमा पटकपटक म्याद थप गरिएको छ। यो सडकको म्याद आगामी असारसम्म रहेको छ। उक्त खण्ड कालोपत्रका लागि एमएस शङ्करमाली निर्माण सेवाले रु २५ करोड १० लाख ६० हजारमा ठेक्का पाएको थियो। शुक्लागण्डकी नगरपालिकाको पहलमा निर्माण कम्पनीका प्रतिनिधि श्याम लामासहितको टोली अहिले सडक स्तरोन्नतिका लागि कार्यक्षेत्रमा खटिएको नगरप्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो। तत्कालका लागि पाँच किमी कालोपत्र गर्न दबाब दिएपछि निर्माण कम्पनी अहिले कार्यक्षेत्रमा खटिएर काम अघि बढाएको उहाँले बताउनुभयो।

शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ। पहिलो चरणमा १० किमी सडक कालोपत्रका लागि ठेक्का सम्झौता भएको थियो। ट्र्याक खुलेको २४ वर्षपछि स्तरोन्नति सुरु हुँदा स्थानीयवासी खुसी भएकामा कामले गति नलिँदा निराश भएका छन्।

दुलेगौंडा-हर्कपुर मोटरमार्ग उपभोक्ता समितिका पूर्वअध्यक्ष देउबहादुर श्रेष्ठले यस क्षेत्रको पुरानो सडक समयमा सम्पन्न नहुँदा स्थानीय र यात्रुले सास्ती पाएका बताउनुभयो। उहाँले यथाशीघ्र सडक स्तरोन्नति गरी यात्रा सहज बनाउनुपर्नेमा जोड दिनुभयो।

# मार्फा-जोमसोम खण्ड वैशाखभित्र सम्पन्न गर्न निर्देशन

**रासस**
मुस्ताङ, १४ चैत

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत बेनी-जोमसोम चौथो खण्डको मार्फा-जोमसोम् आगामी वैशाखभित्र सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिइएको छ।

जिल्ला प्रशासन कार्यालयले बेनी-जोमसोम-कोरला सडक आयोजना र निर्माण कम्पनीसँग छलफल गरी मार्फा-जोमसोम खण्ड आगामी वैशाखभित्र कालोपत्र सम्पन्न गर्न निर्देशन दिएको हो।

कोवाङ-जोमसोम १७ किलोमिटर सडकअन्तर्गत १२ किमी कालोपत्र हुँदा मार्फा-जोमसोम चार किमी र थासाङ-१ टुकुचेमा एक किमी सडक नौ महिनादेखि कालोपत्र हुन सकेको छैन । प्रशासन कार्यालयमा बसेको बैठकमा प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जिल्लाका रुग्ण आयोजनाको विकास, निर्माणलाई यथाशीघ्र सम्पन्न गरी यात्रा सहज बनाउने विषयमा केन्द्रित रहँदै उक्त खण्डको कामलाई पहिलो प्राथमिकतामा राखेर पूर्वाधार तयार गर्न निर्माण कम्पनीलाई दिर्नेशन दिइएको जानकारी दिनुभयो । बैठकमा मार्फा-जोमसोम सडकमा कालोपत्र नहुँदा पर्यटक तथा स्थानीय नागरिकलाई परेको समस्या, समाधानका उपायलगायत विषयमा छलफल भएको थियो। आर्थिक वर्ष २०७३/७४ मा ठेक्का सम्झौता भएको बेनी-जोमसोम सडकको चौथो खण्डमा हालसम्म छ पटक म्याद थप भइसकेको छ।

निर्माण कम्पनीले कोवाङबाट मार्फासम्म कालोपत्र सम्पन्न भएको उल्लेख गर्दै जोमसोम क्षेत्रमा करिक २०० सय मिटर सडकमा आरसिसी सडक विस्तार गरिसकिएको जनाएको छ । निर्माण कम्पनीले चालु आवको सुरुदेखि हालसम्म मार्फा-जोमसोम खण्डको चार किमीमा आंशिक मात्र काम गरेर सडक अलपत्र पारेको छ।

आयोजनासँग पप्पु-गौरी-पार्वती र कोशी एण्ड न्योपाने जेभीले ठेक्का सम्झौता गरेका थिए। कोशी एण्ड न्यौपानेले कोवाङ-जोमसोम सडक कालोपत्र अघि बढाएको थियो । ठेक्का लागत रु ७० करोड रहेको कोवाङ-जोमसोम सडकको काममा ढिलासुस्ती भएपछि मुख्य निर्माण कम्पनी पप्पु-गौरी-पार्वती काममा फर्किएको थियो । काममा फर्किएको उक्त कम्पनीले पनि नौ महिनादेखि काम नगरी सडक अलपत्र पारेको थियो । करिब ९० प्रतिशत भौतिक प्रगति भइसकेको कोवाङ-मार्फा खण्डमा निर्माण कम्पनीले काममा ढिलासुस्ती गरेपछि चालु वर्षको असोजदेखि ठेक्का लागतको शून्य दशमलव शून्य पाँच प्रतिशत दैनिक जरिवाना लाग्ने गरी कारबाही प्रक्रिया अघि बढाइएको प्रजिअ भुसालले बताउनुभयो । जिल्लाका रुग्ण आयोजना सम्पन्न गर्नुपर्नेमा जोड दिँदै उहाँले कोवाङ-जामसोम वैशाखभित्र सम्पन्न गर्न अन्तिम पटक निर्देशन दिइएको जानकारी दिनुभयो । प्रजिअ भुसालले अब पनि छलछामले काम नहुने भन्दै एक हप्ताभित्र काम सुरु नगरे निर्माण कम्पनीलाई कालो सूचीमा राखेर कारबाही प्रक्रिया अघि बढाइने उल्लेख गर्नुभयो । "निर्माण कम्पनीले यही चैत २० गतेभित्र कालोपत्र गर्न आवश्यक जनशक्ति, उपकरणसहित कार्यस्थलमा खटिने प्रतिबद्धता जनाएको छ", उहाँले भन्नुभयो, "काम २१ चैतदेखि सुरु नगरेमा ठेक्का अन्त्य गर्नेगरी 'अल्टिमेटम' दिएका छौँ, प्रत्येक दिन कामको प्रगति विवरण बुझाउन आयोजनालाई निर्देशन दिएका छौँ ।' बेनी-जोमसोम-कोरला खण्डका आयोजना प्रमुख ध्रुव झाले मार्फाबाट जोमसोमसम्मको चार किमीमा वैशाखभित्र कालोपत्र सम्पन्न गर्नेगरी निर्माण कम्पनीले प्रतिबद्धता जनाएकाले कामले गति लिने विश्वास व्यक्त गर्नुभयो । "एक साताभित्र सडक कालोपत्रको काम धमाधम सुरु हुनेछ । हामीले जनशक्ति, आवश्यक सामग्री र उपकरण व्यवस्थापन गर्न निर्माण कम्पनीलाई ध्यानार्कषण गराइसकेका छौँ", उहाँले भन्नुभयो, "चैत २१ देखि काम सुरु हुन नसकेमा ठेक्का अन्त्य गरी कालोसूचिमा राख्ने तयारी गरेका छौँ ।" यसैबीच, कोवाङ-जोमसोम खण्डको निर्माण कम्पनी पप्पु-गौरी-पार्वतीका प्रमुख ठेकेदार रामकुमार थापाले उक्त खण्डमा आगामी वैशाखभित्र अस्फाल्ट कालोपत्र सक्नेगरी काम थाल्ने तयारी भइरहेको भन्दै प्रशासन र आयोजनासमक्ष प्रतिबद्धता जनाउनुभयो । "उक्त खण्डमा कालोपत्रका लागि सबग्रेड, सवबेस, बेस, प्राइम कोट र कालोपत्र गर्नेगरी काम अघि बढाएका छौँ, ढुक्क हुनुस् अब वैशाखभित्र कालोपत्र सकिन्छ", उहाँले भन्नुभयो।

राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत मुस्ताङ खण्डको घाँसाबाट मुक्तिनाथ र कागबेनी क्षेत्रमा काम सकिँदा कोवाङ-मार्फा-जोमसोम खण्डको चार किमी सडक कालोपत्र नभएको भन्दै स्थानीयले आलोचना गर्दै आएका छन् । उक्त खण्ड कालोपत्र भएमा मुक्तिनाथ दर्शन गर्न आउने पर्यटक तथा स्थानीय नागरिकलाई आवागमनमा सहज हुनेछ।

# नीति एकेडेमीको डिजिटल मार्केटिङ तथा एआई टुल्स सम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत




पोखरा महानगरपालिका वडा नं ९ नयाँबजारस्थित नीति एकेडेमीको आयोजना र पोखरा महानगरपालिका वडा नं ६ को समन्वयमा डिजिटल मार्केटिङ तथा जेनेरेटिभ एआई टुल्ससम्बन्धी तालिम सकिएको छ।

एक महिनासम्म सञ्चालन भएको तालिममा २६ जना विद्यार्थी सहभागी थिए । उनीहरुलाई नीति एकेडेमीका डम्मर खडायत र माधव पोखरेलले प्रशिक्षण दिएका थिए। समापन कार्यक्रम उद्घाटन गर्दै पोखरा-६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले अहिलेको जमाना डिजिटल मार्केटको रहेको र युवा पुस्ताको आवश्यकता, आर्थिक उन्नति र समृद्धिलाई पनि ध्यानमा राखेर तालिमका लागि नीति एकेडेकीसँग सहकार्य गरिएको बताए। विद्यार्थीले डिजिटल मार्केटिङ र एआईसम्बन्धी ज्ञान हासिल गर्नुका साथै तालिमपश्चात् आयआर्जनमा जोडिनेसमेत विश्वास व्यक्त गरे । वडाध्यक्ष भट्टराईले भने, 'युवालाई स्वरोजगारयुक्त बनाउन तालिम आयोजना गरिएको हो, तालिममा सिकेका कुरा व्यवहारमा लागू गर्नुहोला, राष्ट्रका लागि समय अनुसारको दक्ष जनशक्ति बन्नुहोला। दिनमा यो भन्दा पनि बृहत तालिम ल्याउन आवश्यक हुन्छ भने पनि त्यसका लागि आफूहरु तयार रहेको उनले स्पष्ट पारे । पोखरा-६ की वडासदस्य शोभा जलारीले वडालाई प्रविधिसँग जोड्न तालिम आयोजना गरिएको र यसबाट विद्यार्थी निकै लाभान्वित भएको विश्वास व्यक्त गरिन् । उनले भनिन्छ 'विगतमा अन्य किसिमका धेरै तालिम आयोजना गरेका थियौँ, अहिले प्रविधिसँग सम्बन्धित तालिम सम्पन्न गरेका छौँ, भविष्यमा पनि अझ बढी प्रभावकारी र उपलव्धिमूलक कार्यक्रम गर्न तयार छौँ ।' वडासदस्य वासुदेव बरालले विद्यार्थीले तालिममा सिकेका कुरा व्यवहारमा लागू गरेमा भविष्य उज्ज्वल हुने दावी गरे।

एकेडेमीका अध्यक्ष माधव पोखरेलले एआईले निकै फड्को मारिसकेको अवस्थामा यसैसँग सम्बन्धित शिक्षा अपरिहार्य भएको महसुस गरी तालिम आयोजना गरिएको स्पष्ट पारे । तालिमले विद्यार्थीलाई धेरै कुरा सिकाएको अब उनीहरु व्यवसायिक बन्ने अध्यक्ष पोखरेलको विश्वास छ। उनले आगामी दिनमा पनि यस्तै व्यवहारिक तालिम सञ्चालन गरिने उनले प्रतिवद्धता जनाए । थ्रीस्टार टिचर एजुकेशन सेन्टर पोखराका सिनियर मोटिभेसनल स्पीकर (प्रेरक वक्ता) प्रदीप पराजलीले नीति एकेडेमीले समय सुहाउँदिलो तालिम आयोजना गरेकोमा खुशी लागेको बताए। एकेडेमीका अध्यक्ष पोखरेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रशिक्षार्थी सञ्जु विकले गरेकी थिइन् । साथै विद्यार्थी स्वेता कार्की, सुजैना जलारी, विष्णु विक, संयम परियार र सुमन परियारले तालिमको अनुभूति सुनाएका थिए। उनीहरुले आफूहरुका लागि यो भन्दा पनि वृहत तालिमको आवश्यकता भएको र यसका लागि पनि ध्यान दिन वडा कार्यालयलाई आग्रह गरेका थिए । कार्यक्रममा तालिम अवधिभरमा उत्कृष्ट भएका विद्यार्थीद्वय प्रसिद्ध परियार र संयम परियारलाई पाँच हजार रुपैयाँ नगदसहित पुरस्कृत गरिएको थियो।

कार्यक्रममा आस्था सुनार, मलि् लका नेपाली, प्रसिद्ध परियार र संयम परियारले गीत र नृत्य प्रस्तुत गरेका थिए । नीति एकेडेमीले ग्राफिक डिजाइन, वेव डिजाइनिङ, डिजिटल मार्केटिङ, वेसिक तथा डिप्लोमा कम्प्युटर ट्रेनिङ, सफ्टवेयर डेभलपमेन्ट र आरजे एवं भीजे ट्रेनिङ गर्दै आएको छ । हालसम्म नीति एकेडेमीले करिब पाँच सय विद्यार्थीलाई शिक्षा प्रदान गरी रोजगार दिन सफल भएको छ।

# बन्दोबस्तीका सामान बोकेर पदयात्रामा जानुपर्ने समस्या अन्त्य

**रासस**
म्याग्दी, १४ चैत

म्याग्दीस्थित मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आधार शिविर यात्राका क्रममा पर्यटक आफैँले बन्दोबस्तीका सामान लिएर जानुपर्ने समस्या अन्त्य भएको छ।

अन्नपूर्ण गाउँपालिका-४ मा पर्ने उक्त पदमार्ग र आधार शिविर क्षेत्रमा अस्थायी संरचना पालसहित आश्रयस्थल निर्माण गरी खाना र खाजा खुवाउने र बस्ने व्यवस्था गरेपछि पर्यटकलाई सहज भएको हो।

होटल तथा लजको सुविधा नभएकाले यसअघि मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आरोहण शिविरमा जानेहरूले खाना, खाजाका परिकार, भाँडाकुँडा, ग्यास, लत्ताकपडालगायत समान आफैँले व्यवस्था गर्नुपर्ने समस्या थियो। अन्नपूर्ण-४ का वडासदस्य श्याम पुर्जाले नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आधार शिविरमा यो यामदेखि खान, बस्नका लागि पर्यटकले सामानको भारी बोकेर जानुपर्ने समस्याको अन्त्य गरिएको जानकारी दिनुभयो। "अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को नीतिगत व्यवस्था अनुसार आवश्यक प्रक्रिया पूरा गरी गाउँपालिकाबाट अनुमति लिएर नारच्याङका युवाहरूले चिया पसल, रेष्टुरेन्ट र बस्न शिविर (क्याम्प) सञ्चालन गरेका छन्", उहाँले भन्नुभयो, "योसँगै पर्यटकलाई खान, बस्न सहज भएको छ। बन्दोबस्तीका सामानको भारी बोकेर यात्रा गर्नुपर्ने बाध्यता हट्नुका साथै स्थानीयस्तरमा रोजगारी र आयआर्जनको अवसर पनि सिर्जना भएको छ ।" फुतफुते झरनामा चिया पसल, साधीखर्क, गुफाँफाँट, भुसकेट र अन्नपूर्ण आधार शिविरको पञ्चकुण्ड ताल परिसरमा शिविर सञ्चालन गरिएको वडासदस्य पुर्जाले जानकारी दिनुभयो। उहाँका अनुसार ती शिविरहरूमा दैनिक ५० जनासम्म पर्यटकले बास बस्नसक्ने छन्।

एक्यापमा पर्ने उक्त क्षेत्रमा स्थायी संरचना बनाउन नमिल्ने कानुनी व्यवस्था भएकाले पर्यटक याममा सञ्चालन गर्न मिल्ने गरी शिविर क्षेत्र बनाइएको बताउँदै पुर्जाले लागत अनुमान हिसाब गरेर सो क्षेत्रको सेवाशुल्क तोक्ने तयारी भइरहेको जानकारी दिनुभयो।

मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, आकर्षित भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै समुन्द्री सतहबाट चार हजार १०० मिटरको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ।

नारच्याङबाट दुई घण्टा सावर ासाधनमा यात्रा गरेपछि पुगिने हुमखोलाबाट पनि दुई दिनमा आधार शिविर पुगेर तेस्रो दिन फर्कन सकिन्छ। छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा पर्ने गरेको यहाँका पर्यटन व्यवसायी बताउँछन्।

करिब ७० वर्षअघि फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण हिमाल आरोहणका लागि प्रयोग गरेको बाटो पछ्याउँदै विसं २०६७ मा नारच्याङका तेज गुरुङको अगुवाइमा पहिचान भएको उक्त पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले विसं २०७७ मा मौरिस हर्गोज नामारण गरी पदमार्ग सञ्चालन गरेको थियो। शान्त र एकान्त वातावरण, वन्यजन्तु, पशुपन्छी, जङ्गल, अग्ला पहाडको खौँच, फुतफुते झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङ्गको पञ्चकुण्ड ताल आधार शिविरका आकर्षण हुन्।


## शिक्षक आवश्यकता

यस श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडीमा तपसिल बमोजिमको राहत बरबन्दीको शिक्षक आवश्यक भएको हुंदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट बरखास्त आह्वान गरिएको छ।

१. विज्ञापन नं. : १/२०८१ २. विषय : गणित विज्ञान
३. तह : नि.मा.वि. ४. पद संख्या : १ (एक)
५. आवश्यक शैक्षिक योग्यता : सम्बन्धित विषयमा +२ वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।
६. उमेर : १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको।
७. तलब तथा सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार।
८. बरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू : नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रका प्रतिलिपी २/२ प्रति।
९. बरखास्त बिने मिति :
२०८१/१२/१५ बेखि २०८१/१२/२९ गतेसम्म
१०. बरखास्त बिने स्थान : श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडी, कास्की
११. परीक्षाको किसिम : लिखित र अन्तरवार्ता
१२. परीक्षा बस्तुर : रु.७५०/- सात सय पचास रुपैया।
१३. सम्पर्क मिति : २०८१/१२/३० गते
१४. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
१५. सम्पर्क : ९८०४१९४०९९

*पुनश्च: शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिमा रहेका उमेबवारहरुले विज्ञापन प्रकाशित भएको मितिबाट ७ बिन भित्र बरखास्त बिनुपर्ने छ।*

प्रधानाध्यापक
**श्री भगवती आधारभूत विद्यालय**
पोखरा-२२, कालाबाङ घरेडी, कास्की


# भाडा नबुझाएको भन्दै बसपार्क सञ्चालकलाई सेवा सुविधा लिन नपाउने परिपत्र

**रासस**
मुस्ताङ, १४ चैत

मुस्ताङमा बसपार्क सञ्चालन गर्ने एक सञ्चालक विरुद्ध सरकारी सेवा सुविधा लिन नपाउने गरी जिल्लाका सबै सरकारी कार्यालयमा परिपत्र जारी गरिएको छ।

मुस्ताङको घरपझोङ गाउँपालिका वडा नं. ३ र ४ मा अवस्थित दुई वटा सवारी व्यवस्थापन गर्ने बसपार्क सञ्चालनको ठेक्का लिएर बीचैमा छोड्ने र ठेक्का सम्झौताको शर्त वापतको असुर उपर गर्नुपर्ने रकम पूरै भुक्तानी नगरेको भन्दै मुस्ताङको घरपझोङ-४ जोमसोमका स्थानीय सुरेश शेरचनविरुद्ध घरपझोङ गाउँपालिका कार्यालयले मुस्ताङका सबै निकायमा सरकारी सेवा सुविधा लिन नपाउने गरी प्रारम्भिक चरणको कारबाही प्रक्रियाअघि बढाएको छ।

गाउँपालिकालाई असुल उपर नभएसम्म बसपार्क ठेक्का लिएका उहाँलाई गाउँपालिका, वडा कार्यालयलगायत सबै सरकारी कार्यालयबाट हुने सिफारिस, अनुदानलगायत सबै किसिमका सरकारी सेवा लिन नपाउने गरिएको प्रमुख प्रशासकीय अधिकृत बेदहरी अधिकारीले जानकारी दिनुभयो। गाउँपालिका प्रथम पक्षले लगाएको बसपार्क ठेक्का रद्द भइसकेकाले नयाँ ठेक्का लगाउने गरी गृहकार्य भइरहेको प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताउनुभयो । "पुरानो बसपार्क ठेक्का भङ्ग भएको र नयाँ ठेक्का लगाउने तयारी हुँदैछ", उहाँले भन्नुभयो, "बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८० लाई संशोधन गरी नयाँ कार्यविधि-२०८१ जारी भइसकेको छ।" गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गर्ने र मुस्ताङ सदरमुकाम जोमसोमलाई व्यवस्थित रूपमा सवारी पार्किङ गर्नेगरी मुकामको सौन्दर्र्यता जोगाउन गाउँपालिका प्रतिबद्ध रहेको प्रमुख प्रशासकीय अधिकृत अधिकारीको भनाइ छ। घरपझोङ गाउँपालिकाअन्तर्गत रहेका दई वटा बसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि घरपझोङ गाउँपालिकाले गतवर्ष दरभाउ पत्रको सूचना प्रकाशित गरेको थियो।

प्र काशित सूचनाअनुसार मुस्ताङको घरपझोङ गाउँपालिका-४ जोमसोमका स्थानीय सुरेश शेरचनले वार्षिक रु २० लाख २५ हजार भाडा गाउँपालिकालाई बुझाउने सर्त बमोजिम बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्नेगरी ठेक्का सम्झौता गरेका थिए । गाउँपालिकाले घरपझोङ बसपार्कसञ्चालनतथाव्यवस्थापनसम्बन्धी कार्यविधि-२०८० अनुसार विसं २०८० चैत १५ गते बसपार्क सञ्चालन तथा व्यवस्थापनको ठेक्का लगाइएको थियो।

गाउँपालिका प्रथम पक्षसँग बसपार्क ठेक्का लिएका दोस्रो पक्ष स्थानीय शेरचनले ठेक्का सम्झौताका सर्त र प्रावधानअनुसार सुरुआती तीन महिनाको अग्रिम भाडा धरौटी रु पाँच लाख पाँच हजार दुई सय २५ र सम्झौता अवधि दुई वर्षको भाडाको पाँच प्रतिशत हुन आउने रकम रु दुई लाख दुई हजार पाँच सय गरी कूल रु सात लाख आठ हजार सात सय ५० गाउँपालिकालाई बुझाएका थिए।

गाउँपालिका प्रथम पक्ष र बसपार्कका व्यवसायी दोस्रो पक्षबीच घरपझोङका दुई बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्ने र बसपार्क सञ्चालनका लागि गाउँपालिकाले आवश्यक सहजीकरण गर्ने उल्लेख गरिएको थियो। यसै प्रयोजनार्थ गाउँपालिकाले दुई पार्कको थप स्तरोन्नति, विद्युत्, इन्टरनेट खानेपानी, टिकट बुकिङ क्वान्टर, बसपार्क गेट निर्माणसहित बसपार्क क्षेत्रमा सिसी टिभी क्यामेरा जडान गरेको थियो । गाउँपालिकाले बसपार्क चलाउन स्थानीय प्रशासन, सुरक्षाकर्मीलगायत सबै सरोकारवालासँग चरणबद्ध छलफल गरेको थियो । गाउँपालिकाले बसपार्क व्यवस्थापनका लागि तीन जना पालिका प्रहरीसमेत करारमा नियुक्ति गरेको थियो।

स्थानीय शेरचनले बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिका, प्रशासन र सुरक्षा निकाय लगायतले असहयोग गरेको भन्दै दुई वर्षको बसपार्क ठेक्का एकपक्षीय रुपमा ठेक्का भङ्ग गरेको पत्र गाउँपालिकामा पठाएका थिए।

गतवर्षको १५ चैतमा कार्यान्वयन गर्ने बसपार्क ठेक्का लिएका शेरचनले बसपार्क सञ्चालन गर्नेतर्फ ध्यान नदिएको र बसपार्कको भाडा क्रमशः बुझाउँदै जानुपर्नेमा नबुझाएको भन्दै बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि- २०८० अनुसार गाउँ कार्यपालिकाको बैठकले शेरचनसँग २०८१ असोज २१ गते ठेक्का सम्झौता भङ्ग गर्ने निर्णय गरेको थियो।


## बिमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख मुस्ताङचोकदेखि सृजनाचोक जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
**नाम:** लालुमाया गुरुङ
**विमा लेख नं.:** १३०१०५८४४
**सम्पर्क :** लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
**फोन:** ९७०६९५२७९१



## विमालेख हरायो

यहि मिति २०८१/११/०५ गते स्याङ्जा बाट पोखरा जाने क्रममा साविक सानिमा लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम: शोभाखर विश्वकर्मा
विमालेख नं. ५०६०००१५६
सम्पर्क नं.
९८४६६३३८२७, ०६१-५५३६५२